annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२५, पृष्ठ ८+४ | काठमाडौं, बुधबार ११ चैत २०८२ | चैत्र शुक्लपक्ष सप्तमी, नेपाल संवत् ११४६ | WEDNESDAY, MARCH 25, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# न ल्यान्डमार्क फैसला, न त न्याय प्रशासनमा सुधार

३३ वर्ष कानुन व्यवसाय, ८ वर्ष न्यायाधीश र झन्डै डेढ वर्ष प्रधानन्यायाधीश बनेका प्रकाशमान सिंह राउतको व्यक्तिगत 'ट्र्याक रेकर्ड' विवादरहित रह्यो। तर, संवैधानिक एवं राजनीतिक मुद्दामा न शीघ्र सुनुवाइ गरे न त ल्यान्डमार्क फैसला नै गरे। समग्रमा आफ्नो कार्यकाललाई स्वर्णकाल बनाउनबाट चुके।




**दिनेश गौतम** | *काठमाडौं*

समाचार पृष्ठ २

# कांग्रेस महाधिवेशन भदौ २४ देखि २६ गते गर्ने प्रस्ताव



**राधा खनाल** | *काठमाडौं*

कांग्रेस सभापति गगन थापाले २०८३ भदौ २४ देखि २६ गतेसम्म काठमाडौंमा पार्टीको १५औं महाधिवेशन गर्ने प्रस्ताव गरेका छन्। सभापति पदबाट राजीनामा अस्वीकृत भएपछि मंगलबार केन्द्रीय समिति बैठकमा थापाले महाधिवेशनको कार्यतालिका सहित मिति प्रस्ताव गरेका हुन्।

उनले चैत २१ गतेदेखि चैत मसान्तसम्म क्रियाशील सदस्यता फारम सबै तहमा पुर्‍याउने र सदस्यता वितरण तथा अद्यावधिक कार्यमा समन्वय गर्न १ सय ६५ वटै क्षेत्रमा प्रतिनिधि खटाउने प्रस्ताव गरेका छन्। यस्तै, वैशाख १ गतेदेखि मसान्तसम्म ६ हजार ७ सय ४३ वटै वडाबाट क्रियाशील सदस्यता वितरण र अद्यावधिक गर्ने प्रस्ताव गरिएको छ।

प्रत्येक व्यक्तिले आफू सदस्यता भएकै वडाबाट सदस्यता अद्यावधिक गर्ने, सबै वडा र क्षेत्रीय कार्यसमितिलाई आईडी र पासवर्ड वितरण गर्ने र वैशाखभरि वडामा एक महिने सदस्यता अद्यावधिक अभियान सञ्चालन गर्ने कांग्रेसको प्रस्ताव छ।

जेठ १ देखि १५ सम्म वडाबाट प्रतिनिधिसभा क्षेत्र र जिल्लामा क्रियाशील सदस्यता विवरण बुझाउनुपर्नेछ। कार्यतालिका अनुसार क्षेत्र र जिल्लाले इन्ट्री गरेर जेठ २५ गतेसम्म सदस्यता विवरण केन्द्रमा पठाउनुपर्ने, जिल्लास्तरीय क्रियाशील सदस्यता प्रारम्भिक छानबिन समितिमा परेका उजुरीउपर छानबिन गरी केन्द्रमा पठाउने अवधि पनि जेठ मसान्तसम्म प्रस्ताव गरिएको छ।

प्रस्तावित कार्यतालिका अनुसार असार १५ गतेसम्म केन्द्रले सदस्यतामा आवश्यक छानबिन गरी टुंगो लगाउने भनिएको छ। जसअन्तर्गत प्रारम्भिक छानबिन समितिले गरेको निर्णयउपर परेको पुनरावेदन विवाद र सदस्य भएका स्थान पहिचान गरी सदस्यता रुजु तथा अध्ययन गर्ने एवं अन्तिम टुंगो लगाउने भनिएको छ।

» बाँकी पृष्ठ ३

टिप्पणी

## प्रधानन्यायाधीशको 'औसत भूमिका'

**प्रा.डा. गान्धी पण्डित**
वरिष्ठ अधिवक्ता

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतलाई न्यायाधीश र प्रधानन्यायाधीशका रूपमा प्रभावकारी रूपमा भूमिका खेल्न सक्ने ठूलो अवसर थियो। तर, त्यो अवसर चुकेको छ। न्यायाधीश हुँदा होस् वा प्रधानन्यायाधीश हुँदा होस् भूमिकालाई प्रभावकारी बनाएर योगदान गर्न सक्ने स्वर्णिम अवसर राउतले गुमाएका छन्।

कानुन व्यवसायीको हैसियतबाट उनी सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त भएका हुन्। उनले आफ्नो कार्यकालमा स्वाभाविक रूपले न्यायसम्पादन गर्ने कार्यमा कुनै ठूलो विवादमा परेको देखिँदैन। प्रधानन्यायाधीशका रूपमा उनले गरेका कतिपय निर्णयहरू त्यस्तो विवादित भएको देखिँदैन। तर, पनि उनी विवादको घेराबाट पर रहन सकेको देखिँदैन। न्यायपालिकामाथि लाग्दै आएको आरोपबाट मुक्त गराउन उनको कार्यकालमा योगदान पुर्‍याउन सकेको देखिँदैन। न्यायपालिकाको विकासमा र स्वायतता कायम गर्न खेलेको भूमिका उल्लेखनीय देखिँदैन।

सर्वोच्च अदालतमा गुटबन्दी बढाउन उनी पनि दोषी देखिन्छन्। पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा प्रधानन्यायाधीश हुँदा र उनलाई महाभियोग लगाउँदा न्यायालयमा गुटबन्दी बनाउन उनी निकै सक्रिय रहेको आरोप उनलाई लाग्ने गरेको देखिन्छ। त्यस्तै उनी पार्टी वा कार्यक्रमा जाँदा बढी रसिक देखिने आरोप पनि लाग्ने गरेको पाइन्छ। त्यस्तै परिवारिक सम्बन्धलाई लिएर पनि उनी धेरै विवादको घेरमा परेको पाइन्छ।

» बाँकी पृष्ठ ३

## होर्मुज खुला राख्नबारे ट्रम्प-मोदी वार्ता



**न्युयोर्क** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच टेलिफोन वार्ता भएको छ। मध्यपूर्वी क्षेत्रको पछिल्लो अवस्थाबारे उनीहरूबीच छलफल भएको बताइएको छ।

भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरले सामाजिक सञ्जाल एक्समा लेख्दै ट्रम्प र मोदीबीच 'मध्यपूर्वको वर्तमान अवस्थाबारे' छलफल भएको जानकारी दिएका छन्। उनले दुवै नेताबीच विशेषगरी स्ट्रेट अफ होर्मुजलाई खुला राख्ने विषयमा समेत कुराकानी भएको बताए।

प्रधानमन्त्री मोदीले पनि एक्समा लेख्दै ट्रम्पसँग 'पश्चिम एसियाको अवस्थाबारे सकारात्मक संवाद' भएको उल्लेख गरेका छन्। उनले भारतले तनाव कम गर्दै सकेसम्म चाँडो शान्ति स्थापना गर्न समर्थन गर्ने बताएका छन्। विश्व व्यापारका लागि अत्यन्त महत्वपूर्ण रहेको स्ट्रेट अफ होर्मुज खुला, सुरक्षित र सबैका लागि उपलब्ध रहनुपर्नेमा जोड दिएका छन्। दुवै नेताले शान्ति र स्थिरताका प्रयासमा निरन्तर सम्पर्कमा रहने सहमति गरेको राजदूत गोरको भनाइ छ।

# ४७ जना सांसदले मातृभाषामा शपथ लिने

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

मातृभाषामा शपथ लिन ४७ जना सांसदले नाम टिपाएका छन्। हालसम्म मातृभाषामा शपथ लिनका लागि ४७ सांसदले नाम दिएको संघीय संसद् सचिवालयका सहसचिव एवं प्रवक्ता एकराम गिरीले जानकारी दिए। नेपालमा १२४ मातृ भाषा छन्। २०६४ को पहिलो संविधानसभापछि धेरैले मातृ भाषामा शपथ गर्नका लागि टिपाएको संसद् सचिवालयले जनाएको छ।

२०६४ को संविधानसभामा २ सय ६४ जनाले आआफ्ना मातृभाषामा शपथ लिएका थिए। २०७० मा ३५, २०७४ मा ४६ र २०७९ सालमा २८ सांसदले मातृभाषामा शपथ लिएका थिए। योपटक संस्कृत भाषादेखि आफ्नो मातृ भाषामा शपथ लिने भएको छ। राप्रपा सांसद खुश्बु ओली संस्कृत भाषामा शपथ गर्ने भन्दै नाम लेखाएकी छन्। उनी राप्रपाकी समानुपातिक सांसद हुन्।

सप्तरीकी अकिता ठाकुर, मोरङकी आशा झा, महोत्तरीका उज्ज्वलकुमार झा, महोत्तरीकै कामिनीकुमारी, सिराहाका तपेश्वर यादव, महोत्तरीकै दीपककुमार साहले मैथलीमा शपथ लिँदैछन्। सुनसरीका अर्का दीपककुमार साह, सर्लाहीका नरेन्द्र साह कलवार, सुनसरीकी निशा मेहता, धनुषाका मनिष झा र मातृकाप्रसाद यादव, सप्तरीका रामजी यादव, सिराहका शम्भुकुमार यादव र सप्तरीका सिताराम साहले मैथली शपथ लिँदैछन्।



काठमाडौंकी अनुष्का श्रेष्ठ, कुलभक्त शाक्य, कुसुम महर्जन, कृपा महर्जन, भक्तपुरका गंगालक्ष्मी अवाल, मदनकृष्ण श्रेष्ठ, रुकेश रन्जित र काठमाडौंका विराजभक्त श्रेष्ठले नेपाल भाषामा शपथ गर्दै छन्। सप्तरीका अमरकान्त चौधरी, सुनसरीका अशोककुमार चौधरी, कञ्चनपुरका गीता चौधरी, मोरङका प्रमिलाकुमारी गच्छदार र दाङका सुरेन्द्र चौधरीले थारु भाषामा शपथ गर्दै छन्। कैलालीकी करिस्मा कठरियाले कठरिया थारुमा शपथ लिनको लागि नाम टिपाएकी छन्। त्यस्तै कञ्चनपुरका कृपाराम रानाले राना थारु भाषा शपथ लिने भएका छन्।

बझाङका ऐनबहादुर महरले बझाङी भाषामा लिँदैछन्। डडेलधुराका आकृति अवस्थी र हरिनादेवी कामी, कञ्चनपुरका दीपककुमार बोहराले डोटेली भाषामा शपथ लिनेछन्। रुपन्देहीका कन्हैया बनियाँ, पर्साका बुद्धिप्रसाद पन्त, रौतहटका रवीन्द्र पटेलले भोजपुरी भाषा शपथ लिनेछन्। बागलुङका गंगा छन्त्यालले छन्त्याल, धनुषाका जोगकुमार बरबरिया यादव, धनुषाकै राजकिशोर महतो र महोत्तरीका प्रमोदकुमार महतोले मगही, भोजपुरका ध्रुवकुमार राईले बान्तावा, सर्लाहीकी नीतिमा भण्डारी (कार्की) र रौतहटका राजेशकुमार चौधरीले बजिका, इलामका निश्कल राईले चाम्लिङ, काठमाडौंका परशुराम तामाङले तामाङ, बाँकेका मो. इश्तियाक राईले अबधि र बागलुङकी रेनुका काउँचाले मगरखाम भाषामा शपथ लिँदैछन्। रौतहटकी शाहजान खातुनले पनि आफ्नै भाषामा शपथ लिने भएकी छन्।

संसद् सचिवालयका प्रवक्ता गिरी अरूले शपथ बेलासम्म आएमा थप हुनसक्ने जानकारी दिए। चैत ११ गते ज्येष्ठ सांसद अर्जुननरसिंह केसीको शपथ हुँदैछ। चैत १२ गते ज्येष्ठ सांसद सदस्यको हैसियतमा अन्य प्रतिनिधिसभा सदस्यलाई शपथ गराउनेछन्।

चैत १३ गते प्रधानमन्त्री बालेन्द्र शाहको शपथ हुनेछ। गत फागुन २१ गते भएको आम निर्वाचनमा ६ वटा पार्टी राष्ट्रिय दल बनेका छन्। २ सय ७५ सदस्यीय प्रतिनिधिमा रास्वपा १८२ सिट जितेर दुईतिहाइनजिक छ। त्यस्तै कांग्रेसले ३८, एमालेले २५, नेपाली कम्युनिस्ट पार्टीले १७, श्रम संस्कृति पार्टीले ७, राप्रपाले ४ सिट जितेको छ। स्वतन्त्रबाट १ जना निर्वाचित भएका छन्। उता राष्ट्रियसभामा कांग्रेसको २४, नेपाली कम्युनिस्ट पार्टी १७, एमालेको १०, जसपा नेपालको २, लोसपा र राष्ट्रिय जनमोर्चाको १/१ सिट छ।

नयाँ संसद् भवन नयाँ सांसदका लागि तयारी अवस्था छन्। १२ गतेको शपथको सिंहदरबारस्थित नयाँ संसद्मा भवनको बहुउद्देश्यीय हलको भौतिक पूर्वाधारको काम सकिएको संसद् सचिवालयका प्रवक्ता गिरीले जानकारी दिए। बहुउद्देश्यीय हललाई अस्थायी रूपमा प्रयोग गर्न लागिएको उनले बताए।

**दलहरू संसदीय दलको नेता चयनको गृहकार्यमा**

राजनीतिक दलहरू संसदीय दलको नेता चयनको गृहकार्यमा छन्। सबैभन्दा ठूलो सरकारको नेतृत्व गर्ने रास्वपाले भावी प्रधानमन्त्री भनेर बालेन्द्र शाहलाई घोषणा गरिसकेकाले बिहीबार बस्ने बैठकले दल नेता चयन गर्ने भएको छ। शुक्रबार प्रधानमन्त्रीकै शपथ छ। मन्त्री छान्नेदेखिका गृहकार्यमा रास्वपा व्यस्त छ। उता कांग्रेसमा पनि संसदीय दलको नेता छान्ने गृहकार्य भइरहेको छ। सभापति गगन थापा र पूर्वसभापति शेरबहादुर देउवा दुवै पक्षधर संसदीय दलको नेता आफ्नो पक्षको बनाउने चलखेलमा लागेका छन्।

एमालेमा पनि संसदीय दलको नेता चयन गृहकार्य भइरहेको छ। प्रत्यक्ष निर्वाचित युवा बनाउने वा समानुपातिकबाट निर्वाचित पुराना नेतालाई संसदीय दलको जिम्मा लगाउने विषयमा एमालेमा पनि तानातान भइरहेको छ।

पहिलोपटक संसद्मा छिरेको श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क सम्पाङ पनि काठमाडौं आइसकेका छन्। उनी नै संसदीय दलको नेता हुने करिब-करिब निश्चित छ। राप्रपाले भने ज्ञानेन्द्र शाहीलाई संसदीय दलको नेता र खुश्बु ओलीलाई प्रमुख सचेतक बनाइसकेको छ।